gk]fn /fi^« a}+s
hgsk'/ sfofno
dfh"bf ;'rLdf btf{ u/fpg]af/]sf] ;'rgf
-k|yd k^s k|sflzt ldlt 2071÷====÷==== _

यस बैंकको जनकपुर कार्यालयले आगामी आर्थिक वर्ष २०७१/७२ मा फुटकर रुपमा खरीद गर्ने तपसील बमोजिमका सामान तथा सेवा आपूर्तिकर्ताहरुको सूची तयार गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र यस बैंकको जनकपुर कार्यालयको मौजुदा सूची (स्ट्याण्डिङ्ग लिष्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम यस कार्यालयको आन्तरिक प्रशासन फाँट र बैंकको Website: www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी तोकिएका कागजातहरुका साथ पेश गर्नुपर्ने छ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचनामा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । अन्य आवश्यक कुरा बुझ्न परेमा यस बैंकको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिने छ ।

## तपसील

| क्र.सं | विवरण | क्र.सं | विवरण |
|---|---|---|---|
| | (क) खरीद तथा आपूर्तितर्फः- | | (ख) मर्मत सम्भार र अन्य सेवा आपूर्तितर्फः- |
| १. | स्टेशनरी तथा फुटकर सामानहरु | १. | सवारी साधन मर्मत |
| २. | फर्निचर सामानहरु | २. | एयरकण्डिसनर मर्मत |
| ३. | छपाई सम्बन्धि कार्य | ३. | जेनेरेटर मर्मत |
| ४. | एयरकण्डिसनर तथा पार्टपूर्जा | ४. | प्लम्बिङ्ग सेवा (पानीको पाइप, धारा आदि मर्मत) |
| ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, प्रिन्टर, नोट काउण्टिंग मेशीन, EPABX सिष्टम, यू.पि.एस., फ्याक्स आदि) | ५. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, नोट काउण्टिंग मेशीन, EPABX सिष्टम, यू.पि.एस., फ्याक्स आदि) मर्मत सेवा |
| ६. | बिभिन्न मेशिनरी सामानहरु तथा त्यसका पार्टपूर्जाहरु | ६. | बिजुली, पंखा तथा अन्य विद्युतीय उपकरणहरुको मर्मत सेवा |
| ७. | पर्दा, कार्पेट, डोरमेट लगायतका फर्निसिङ्ग सामानहरु | ७. | भवन मर्मत |
| ८. | कार्यालय सरसफाईका फुटकर सामानहरु | ८. | फर्निचर मर्मत |
| ९. | बिजुलीका सामानहरु | ९. | बगैंचाको हेरचाह तथा सम्भार |
| १०. | निर्माण तथा रङ्गरोगन रंगरोगन सम्बन्धि सामानहरु तथा सेवा | १०. | सरसफाई सेवा |
| ११. | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेण्ट्स | ११. | परामर्श सेवा (निर्माण तथा मर्मतका लागि) |
| १२. | विविध फुटकर सरसामानहरु | १२. | सवारी साधन बहालमा उपलब्ध गराउने (Outsourcing) |
| १३. | ट्रंक बाकस | | |

नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय
जनकपुर
फोन नंः ०४१५२०२९८